# पाँचथर वहुमुखी क्याम्पस

**फिदिम ४,पाँचथर**

**स्था: २०३९**

## वार्षिक प्रगति प्रतिवेदन

## २०७४/७५

पाँचथर बहुमुखी क्याम्पस
फिदिम, पाँचथर
फोन नं ०२४-५२०१५९

सन्चालक समितिको मिति २०७५/०७/१८ को बैठक बाट पारीत

# भूमिका

नेपालको सुदूरपूर्व पाँचथर जिल्लाको उच्च शिक्षाप्रदान गर्ने उच्च शैक्षिक प्रतिष्ठानको रूपमा स्थापित तत्कालिन एकमात्र संस्था श्री पाँचथर बहुमुखी क्याम्पसले वि.सं.२०३९ मा स्थापना भएयता विविध उतार चढावका वावजुद यस क्षेत्रका विद्यार्थीहरूको परिवर्तित अपेक्षा र माँग बमोजिम समय सापेक्ष प्रविधिमा आधारित सान्दर्भिक विषयहरूमा स्नातकोत्तर सम्मको शिक्षा प्रदान गर्ने कार्यलाई निरन्तरता दिदै आएको छ । विज्ञान प्रविधिमा आएको द्रुततर प्रगति र त्यसबाट उत्पन्न भएको सामाजिक परिवर्तन तथा त्यसले सिर्जना गर्ने दवाव अनुरूप संस्थागत विकास र यसले प्रवाह गर्ने शैक्षिक सेवालाई समय सापेक्ष रूपान्तरणको दिशामा केन्द्रीत गरि विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्य प्राप्तिमा यस संस्थाले पनि धेरै चुनौतिको सामना गर्नु परि रहेको छ । एउटा गैह्र नाफामूलक सामूदायिक संस्था हुनुको नाताले यस क्याम्पसलाई सबैपक्षले अपनत्वकायम गर्ने गरी समूदायकै सद्भाव र सहयोगबाट भौतिक तथा प्राज्ञीक हिसावले सवलिकृत गर्दै यसक्षेत्रका आम नागरिकले हाम्रो र गुणस्तरीय शिक्षाप्रदान गर्ने दुरदृष्टिका हिसावले राम्रो क्याम्पस बनाउने सोचका साथ हामी सबै सरोकारबालाहरूको साथ र सहयोगको अपेक्षा गर्दछौं । सरोकारबाला पक्षहरूको सार्वजनिक जानकारीका लागि आ.व.२०७४/७५ अवधिको वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ । यस अवधिको समग्र अवस्थाको विश्लेषणका आधारमा घट्दो विद्यार्थी भर्ना प्रवृत्ति, बढ्दो कक्षा छोड्ने प्रवृत्ति र उत्तीर्ण दरको घट्दो प्रबृत्ति विरूद्ध सामना गर्न तत्कालिन तथा दीर्घकालिन रणनिति आत्मसात गर्नु अपरिहार्य देखिन्छ । वार्षिक प्रतिवेदन प्रकासनको यसकार्यबाट यस क्याम्पसको संस्थागत पारदर्शितामा थप योगदान पुग्न गई सरोकारवाला सबैपक्षको अपनत्व र सहयोगको प्रतिफल क्याम्पसले प्रवाह गर्ने शैक्षिक सेवामा थप गुणस्तरियता अभिवृद्धिका लागि आन्तरिक तथा बाह्य सक्षमतासमेत वृद्धिहुने अपेक्षा गरिएको छ । यसको सार्बजनिकीकरण पश्चात प्राप्तहुने टीप्पणी र सुझाबहरू आगामी दिनकालागि संस्थाको सुदृढीकरणको लक्ष्यप्राप्तिमा मार्गदर्शनको रूपमा उपयोग हुने प्रतिवद्धता समेत जाहेर गर्दछौं ।

खेमनाथ खतिवडा
क्याम्पस प्रमुख

# Background

नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गतको मेचि अञ्चलका ४ जिल्ला मध्येको एक जिल्ला पाँचथर नेपालको सुदूर पूर्वी पहाडी जिल्ला हो । नेपालको मान चित्रमा पाँचथर जिल्ला २६° २८" देखि २६° ५९" उत्तरी अक्षांश र ८०° ०२" देखि ८०° ३०" पूर्वी देशान्तरसम्म फैलिएको छ । समुद्री सतहबाट ६०९ मीटर देखि ३६५० मीटर सम्म उचाइमा अवस्थित छ । कूल १२४१ वर्ग कि.मी. क्षेत्रफल भएको यस जिल्लाको पूर्वमा छिमेकी मीत्रराष्ट्र भारतको सिक्किम, पश्चिममा कोशी अञ्चलको तेह्रथुम जिल्ला, उत्तरमा ताप्लेजुङ्ग र दक्षिणमा इलाम जिल्ला पर्दछन् । जिल्लाको सदरमुकाम फिदिममा अवस्थित पाँचथर बहुमुखी क्याम्पस यस जिल्लामा नै उच्च शिक्षाको क्षेत्रमा सेवा प्रदान गर्न स्थापित पहिलो क्याम्पस हो । मुनाफा रहीत उद्धेश्यले सामूदायिक क्याम्पसको रूपमा २०३८ सालमा जिल्लाको सदरमुकाम फिदिममा भएको जिल्लाका बौद्धिक एवम् शिक्षाप्रेमी व्यक्तित्वहरूको अगुवाई र सहमती अनुरूप २०३९ सालमा स्थापित यो क्याम्पस त्यो समयको जिल्लाकै एकमात्र  सबैभन्दा पुरानो उच्च शैक्षिक प्रतिष्ठान हो भने जिल्लामा हालसम्म स्नातकोत्तरको कक्षा संचालन गर्ने यो क्याम्पस एक्लो भएबाट अझसम्म यो विरासतलाई धानी रहेको छ । पाँचथर बहुमुखी क्याम्पस पाँचथर जिल्लामा समुदायस्तरमा सञ्चालित क्याम्पस हो । शुरूमा फिदिम मावि को भबनमा ७४ जना बिद्यार्थीहरू भर्ना भई अध्ययन अध्यापन कार्य शुरू गरेको यस क्याम्पसले स्थापनाको ३६ बर्ष अबधि पार गर्दै अगाडि बढेको छ ।  चार जना शिक्षकहरूबाट शुरू भएको यस क्याम्पसले हाल आएर शिक्षामा स्नातकोत्तर र मानविकी, शिक्षा एवम् व्यवस्थापन संकायमा स्नातकतहका  जनशक्ति उत्पादन गर्न सक्षम भएको छ । यसका अलावा ने.सं.वि.को सम्वन्धनमा एकवर्षे शिक्षाशास्त्री कार्यक्रम समेत यस क्याम्पसमा संचालित छ । त्रिविवि को सम्बन्धन प्राप्त गरी शुरूवात गरिएको यस क्याम्पसमा बिषयगत दक्ष शिक्षकको ब्यबस्थापनबाट समेत यस क्याम्पसले आपनो छुटै पहिचान बनाएको छ । यस क्याम्पसमा पाँचथर, ताप्लेजुङ्ग, तेह्रथुम तथा इलाम जिल्लाहरूवाट अध्ययनका लागि बिद्यार्थीहरू आउने गरेको पाईन्छ, भने एकवर्षे शिक्षाशास्त्रीमा उपरोक्त जिल्लाहरूका अतिरिक्त सुनसरी, मोरङ्ग र झापा समेतबाट विद्यार्थीहरू भर्ना हुने गरेको देखिन्छ । त्यसैले यस क्याम्पसलाई माग र आबश्यकता अनुरूप शैक्षिक भौतिक, आर्थिक एबंम ब्यबस्थापकीय पक्षहरूमा राज्यको नीति, समुदायको चासो र यसको सेवा क्षेत्रको आधारमा त्रिविवि को आंगिक क्याम्पसको रूपमा बिकास गर्दै जानुपर्ने देखिन्छ । विभिन्न दाताहरूको योगदान, सहयोग र सद्भावबाट नै क्याम्पसको शैक्षिक भौतिक तथा व्यवस्थापकिय पक्षको सुधार भएको कुरालाई नकार्न सकिन्न । पुस्तकालयको व्यवस्थापन, भवनको सुधार र नयाँ भवन निर्माण आदिबाट क्याम्पसले समयानुकुल सुधार ल्याउन सकेको छ । भौतिक र शैक्षिक गुणस्तर वृद्धिमा परिवर्तन ल्याउँदै हाल यस क्याम्पसमा करिव ५०० विद्यार्थीहरू स्नातक तहका शिक्षा, ब्यवस्थापन तथा मानविकीका विभिन्न विषयहरूका साथै स्नातकोत्तर तहमा शिक्षाशास्त्र संकाय अन्तर्गत नेपाली शिक्षा तथा  भ्ए:,  विषय र एकवर्षे वि.एड. अध्ययन गर्दै सुनौलो भविष्यका रेखाहरू कोरीरहेका छन् । शैक्षिक क्षेत्रलाई अझ सुदृढ बनाउने क्रममा यस क्याम्पसले उच्च शिक्षामा २०६५ बाट शिक्षा योजना तथा व्यवस्थापन र नेपाली शिक्षामा स्नातकोत्तर तह सञ्चालन गरिरहेको अवस्था थियो भने हाल यो कार्यक्रम परिमार्जन भइ सेमेष्टर प्रणालीमा चलि रहेको छ । तसर्थ सम्बद्ध सबै पक्ष, व्यक्ति, संघसंस्था, निजी क्षेत्र, सरकारी तथा गैरसरकारी राष्ट्रिय अन्तराष्ट्रिय संस्थाहरूसँग हार्दिक सहयोगको अपेक्षा यस क्याम्पसले लिएको छ ।

सम्पादक मण्डलः–

लक्ष्मीप्रसाद ढुंगाना

लक्ष्मीप्रसाद भण्डारी

रविन्द्र खतिवडा

रूपनारायण लावती

टीकाराज राई

प्रकाशन मितिः २०७५/०९/०५

प्रकाशन प्रतिः २५०

मुद्रणः रिजाल प्रेस एण्ड स्टेशनरी, फिदिम

सर्वाधिकारः पाँचथर बहुमुखी क्याम्पस ।

## ACADEMIC PROGRESS

## Enrollment Trend analysis

## Programme wise

| Programme | 2073 | | | 2074 | | | 2075 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Total | Female | Edj | Total | Female | Edj | Total | Female | Edj |
| BA | 58 | 15 | 7 | 30 | 16 | 2 | 41 | 18 | 1 |
| BBS | 58 | 24 | 3 | 80 | 48 | 7 | 89 | 51 | 8 |
| BED | 103 | 24 | 5 | 78 | 54 | 4 | 103 | 72 | 9 |
| MED | 74 | 40 | 3 | 24 | 15 | 0 | 10 | 8 | 1 |

## Level wise

| Programme | 2073 | | | 2074 | | | 2075 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Total | Female | Edj | Total | Female | Edj | Total | Female | Edj |
| Bachelor | 220 | 63 | 15 | 188 | 118 | 13 | 233 | 135 | 18 |
| Master | 74 | 40 | 03 | 24 | 15 | 0 | 10 | 8 | 1 |

## Passrate Trend analysis (with partial)

## Promgram wise

| Programme | 2072 | | | 2073 | | | 2074 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Total | Female | Edj | Total | Female | Edj | Total | Female | Edj |
| BA | 25.45 | 20.83 | 19.44 | 36.48 | 31.48 | 00 | 25.26 | 22.00 | 00 |
| BBS | 22.39 | 21.13 | 12.73 | 15.56 | 10.97 | 00 | 24.41 | 45.83 | 00 |
| BED | 11.39 | 9.50 | 9.21 | 29.53 | 27.91 | 21.21 | 22.76 | 56.57 | 2.61 |
| MED | 18.75 | 12.82 | 18.75 | 32.65 | 34.48 | 66.66 | 28.98 | 50.00 | 5.00 |

## Level wise

| Promgram | 2072 | | | 2073 | | | 2074 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Total | Female | Edj | Total | Female | Edj | Total | Female | Edj |
| Bachelor | 19.74 | 17.15 | 13.79 | 26.43 | 23.45 | 7.07 | 24.14 | 40.46 | 0.87 |
| Master | 18.75 | 12.82 | 18.75 | 32.65 | 34.48 | 66.66 | 28.98 | 50.00 | 5.00 |

## Graduate Trend analysis

## Programme wise

| Programme | 2072 | | | 2073 | | | 2074 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Total | Female | Edj | Total | Female | Edj | Total | Female | Edj |
| BA | 8 | 1 | 0 | 5 | 3 | 00 | 03 | 2 | 00 |
| BBS | 12 | 6 | 0 | 8 | 1 | 00 | 12 | 3 | 1 |
| BED | 55 | 24 | 0 | 23 | 17 | 5 | 14 | 9 | 0 |
| MED | 6 | 1 | 0 | 18 | 4 | 00 | 00 | 00 | 00 |

## Level wise

| Promgram | 2072 | | | 2073 | | | 2074 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Total | Female | Edisadv | Total | Female | Edisadv | Total | Female | Edisadv |
| Bachelor | 75 | 31 | 00 | 36 | 21 | 5 | 29 | 13 | 1 |
| Master | 6 | 6 | 00 | 18 | 4 | 00 | 00 | 00 | 00 |

## Programme

स्थापनाकालमा मानविकी संकायको प्रमाणपत्र तहका कक्षा संञ्चालन गर्ने गरी स्थापना भएको यस क्याम्पसले विभिन्न समयमा संकाय थप गर्दै हाल स्नातक तहमा शिक्षाशास्त्र, मानविकी तथा व्यवस्थापन संकायका कक्षा संचालन गरी रहेको छ भने स्नातकोत्तर तहमा शिक्षा योजना तथा व्यवस्थापन र नेपाली शिक्षा विषयमा एम.एड.का कक्षा संचालित छन् । त्यसै गरी एकवर्षे वि.एड.कार्यक्रम भने नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत संचालित छ । त्रि.वि.वि.बाट प्रमाणपत्र तह हटाइएपछि र उ.मा.शि.प. अन्तर्गत संचालित ११/१२ कक्षाका कार्यक्रम चलाउन छोडेपछि यस तहका कुनै कार्यक्रम हालमा संचालनमा छैनन् । माथि उल्लेख गरिएका कार्यक्रमहरूको प्रभावकारी संचालनका लागि तपशील बमोजिम Teaching र non teaching जनशक्तिको व्यवस्थापन गरिएको छ ।

## प्राध्यापक कर्मचारीहरूको विवरण

| क्र.स. | नाम थर | पद | प्राध्यापन विषय | योग्यता | स्थायी/अस्थायी |
|---|---|---|---|---|---|
| १ | श्री खेमनाथ खतिवडा | क्याम्पस प्रमुख | नेपाली | एम.ए/वि.एड | स्थायी |
| २ | श्री मुकुन्द्र खतिवडा | उप. प्राध्यापक | नेपाली | एम.ए | स्थायी |
| ३ | श्री नारद अधिकारी | उप. प्राध्यापक | नेपाली | एम.ए. | स्थायी |
| ४ | श्री दुर्गा प्र.बराल | सहा. प्राध्यापक | अंग्रेजी | एम.ए. | स्थायी |
| ५ | श्री यदुनाथ पोखेल | सहा. प्राध्यापक | राजनीतिशास्त्र | एम.ए. | स्थायी |
| ६ | श्री रविन्द्र खतिवडा | सहा. प्राध्यापक | अंग्रेजी शिक्षा | एम.ए | स्थायी |
| ७ | श्री गणेश प्र. पोखेल | सहा. प्राध्यापक | वाणिज्यशास्त्र | एम.कम | अस्थायी |
| ८ | श्री लक्ष्मी प्र. ढुंगाना | सहा. प्राध्यापक | अर्थशास्त्र शिक्षा | एम.एड | अस्थायी |
| ९ | श्री खड्ग ब. निरौंला | सहा. प्राध्यापक | अंग्रेजी शिक्षा | एम.एड | अस्थायी |
| १० | श्री विष्णु प्र.ढुंगाना | सहा. प्राध्यापक | लेखा | एम.कम. | अस्थायी |
| ११ | श्री नारायण प्र. नेपाल | सहा. प्राध्यापक | अंग्रेजी | एम.ए | अस्थायी |
| १२ | श्री थल प्र. ढुंगेल | सहा. प्राध्यापक | वजारशास्त्र | एमविए | अस्थायी |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | श्री विनोद कुमार श्रेष्ठ | सहा. प्राध्यापक | अर्थशास्त्र | एम.ए. | अस्थायी |
| १४ | श्री बलराम कोइराला | सहा. प्राध्यापक | नेपाली | एम.ए. | अस्थायी |
| १५ | श्री खड्ग ना.आङदेम्बे | सहा. प्राध्यापक | नेपाली शिक्षा | एम एड | अस्थायी |
| १६ | श्री लक्ष्मीप्रसाद भण्डारी | सहा. प्राध्यापक | अर्थशास्त्र | एम.ए/एम.एड | अस्थायी |
| १७ | श्री शुरेशप्रसाद भट्टराई | सहा. प्राध्यापक | व्यवस्थापन | एम.वि.ए. | अस्थायी |
| १८ | श्री इन्द्रनारायण घिमेरे | सहा. प्राध्यापक | जनसंख्या शिक्षा | एम.ए.,एम.एड. | अस्थायी |
| १९ | श्री रूपनारायण लावती | लेखा अधिकृत | | | स्थायी |
| २० | श्री टीकाराज राई | सहायक प्रशासक | | | स्थायी |
| २१ | श्री केवलराज चापागाई | लाइब्रेरियन | | | स्थायी |
| २२ | श्री शुशीला थापा | कर्मचारी | | | अस्थायी |
| २३ | श्री कमला आङ्देम्वे | कर्मचारी | | | अस्थायी |
| २४ | श्री इश्वर भुजेल | चौकीदार | | | स्थायी |
| २५ | श्री मोतीखर बराल | परिचर | | | स्थायी |
| २६ | श्री भिम प्र.बराल | परिचर | | | स्थायी |
| २७ | श्री जलेश्वर मल्लिक | स्वीपर | | | अस्थायी |

## Educational pedagogy

विद्यार्थीहरूको प्रभावकारी शैक्षिक उपलब्धिलाई सुनिश्चित गर्न विभिन्न शिक्षण विधिहरूको प्रयोग गरिदै आइएको छ । सिद्धान्ततः सिकाई प्रभावकारीताकालागि विद्यार्थी केन्द्रित विभिन्न विधि प्रयोगमा जोडदिनु पर्ने हुँदाहदै पनि कतिपय व्यवस्थापकीय कठिनाईका कारण सहभागितामूलक तथा शिक्षक केन्द्रित विधिहरूको उपयोगमा प्रधानता रहेको छ । शिक्षणमा प्रयोग भई रहेका शिक्षण विधिहरूलाई तपशील बमोजिम उल्लेख गर्न सकिन्छ ।

- प्रवचन विधि
- छलफल विधि
- प्रश्नोत्तर विधि
- प्रदर्शन विधि
- परियोजना विधि
- स्व अध्ययन विधि
- पुस्तकालय विधि
- अवलोकन विधि

पछिल्ला दिनहरूमा विद्यार्थी सिकाइलाई प्रभावकारी बनाउने ध्येयले विद्यार्थीहरूलाई शैक्षिक भ्रमण तथा कक्षा शिक्षणमा ICT को प्रयोगलाई समेत जोड दिईएको अवस्था विद्यमान छ । क्याम्पसमा संचालित स्नातकोत्तर शिक्षा सेमेष्टर कार्यक्रममा भने ICT को प्रयोगलाई शिक्षण सिकाइको अनिवार्य हिस्सा बनाइएको छ । यसकालागि प्रविधि सम्पन्न छुट्टै कक्षको व्यवस्थापनको उद्देश्य राखिएको छ ।

## Infrastuctural Development

विद्यार्थीहरूलाई पठनपानमा सहज वातावरण तयार गर्नको लागि प्राकृतिक, रमणीय र मनमोहक स्थानमा करिव २० रोपनी क्षेत्रमा अवस्थित यस क्याम्पसको भबन, शौचालयहरू, खेल मैदान,पुस्तकालय,छात्राबास र पिउने पानी तथा आबश्यक फर्निचरहरू आदिको ब्यवस्था रहेको छ । क्याम्पस परिसर बाहिर जिल्ला भित्र करिव २३ रोपनी जग्गा क्याम्पसको स्वामित्वमा रहेको छ भने जिल्ला बाहिर झापामा ५६ धुर र सिरहामा १४ कठ्ठा जग्गा समेत यस क्याम्पसको स्वामित्वमा रहेको छ ।

**<u>भौतिक सुविधाहरू</u>**

- कन्या छात्रावास २६ कोठे
- प्रशासनिक भवन ४ कोठे
- कक्षा कोठा भवन १६ कोठे
- विश्वविद्यालय अनुदान भवन (पुस्तकालय) ५ कोठे
- स्नातकोत्तर भवन ६ कोठे
- स्वच्छ पिउने पानी (प्रशोधन ल्प्रान्ट सहित अनुदान आयोग सहयोगमा)
- शौचालय सुविधा

## *Educational Aids*

- Projecter 2
- Laptop and Computer
- E-mail Internet
- चार्टहरू
- ग्लोव
- तस्विरहरू
- अन्य श्रव्यदृष्य सामग्रीहरू

## पुस्तक तथा सन्दर्भ सामग्री विवरण

| Particular | Number |
|---|---|
| Books | 16917 |
| Journals | 115 |
| Reference materials | 4305 |

## Furnitures

| Particular | Number |
|---|---|
| Desk  bench | 310 set |
| Table | 25 |
| chair | 65 |
| cabinet | 14 |
| safe box | 1 |
| sofa | 4 set |

# Equipments

| Particular | Number |
|---|---|
| computers | 12 |
| printer | 13 |
| fax machine | 1 |
| Photocopy machine | 1 |
| water filter | 1 |
| bending  machine | 1 |
| paper cutter machine | 1 |
| | |

## Financial Progress

## Analysis Financial Resources

## Income 0f last three year

| Particular | 2072/73 | 2073/74 | 2074/75 |
|---|---|---|---|
| students fees | 92,09.334 | 85,39,181 | 91,21,452 |
| others (Malpot) | 17,08,156 | 15,73,680 | 16,60,415 |
| ugc(Regular) | 9,80,000 | 10,81,675 | 10,54,225 |
| ugc(Herp) | 00 | 8,63,955 | 14,83,066 |
| other goverment bodies | 00 | 00 | 14,32,500 |
| other sources | 8,666.57 | 00 | 45,416.14 |
| | | | |

## Financial Resources Analysis expenditure 0f last three year

| Particular | 2072/73 | 2073/74 | 2074/75 |
|---|---|---|---|
| salary | 65,96,652 | 54,96,938 | 77,98,288 |
| others | 66,03,246.99 | 55,80,873.15 | 52,65,533.88 |
| major infrastructure dev. | 77,530 | 55,2083 | 61,55924 |
| minor infrastructure dev. | 2,720 | 13,384.85 | 40,174.07 |
| equipment | 41,710 | 1,34,000 | 84,850 |
| Books | 1,57,964 | 5,00162 | 2,51,401.5 |

## Audit Observation

No any issue is raised by audit observations in the last fiscal year.

## Social progress
## Campus involvement in social activities

- जिल्लाभित्रका सबै सामाजिक क्रियाकलापमा प्रत्यक्ष सहभागिता ।
- प्राध्यापक संघ मार्फत जिल्लामा विभिन्न चेतनामूलक कार्यक्रम र अन्तर्क्रिया आयोजना ।
- जिल्ला सदरमुकाम फिदिम बजारलाई स्वच्छ एवं सफा राख्न विभिन्न संस्थाहरूले आयोजना गरिएका सरसफाई कार्यक्रमहरूमा विद्यार्थी तथा प्राध्यापक कर्मचारीहरूको सक्रिय सहभागिता ।
- जिल्ला भित्र वृक्षारोपण कार्यक्रमकालागि आवस्यक विरूवा उत्पादनकालागि जिल्ला भू संरक्षण कार्यालयलाई आवस्यक जग्गा क्याम्पस परिशरमा उपलब्ध गराइएको ।
- तत्कालिन जिल्ला स्वास्थ्य कार्यालय पाँचथरको जनसंख्या कार्यक्रममा यस क्याम्पसबाट नियमित विशेषज्ञ सेवा उपलब्ध गराइएको ।
- जिल्लामा क्रियाशिल विभिन्न गैर सरकारी संस्थाहरूलाई आवस्यक परामर्श सेवा उपलब्ध गराईएको ।
- यु.रे.स. क्याम्पस कमिटी मार्फत समय समयमा रक्तदान कार्यक्रमका साथै जिल्लास्थित अस्पतालका बिरामीहरूलाई फलफूल वितरण कार्यक्रम आयोजना तथा दैवी विपत्तिको समयमा राहत संकलन र वितरणकार्यमा प्रत्यक्ष संलग्नता रहदै आएको ।
- यस क्याम्पसमा संचालित शिक्षाशास्त्र संकायका विभिन्न तहको शिक्षण अभ्यास कार्यक्रम संचालन गर्दा विद्यालयको आवस्यकता हेरी सम्वन्धित विषयका प्रशिक्षार्थी शिक्षक पठाईएको तथा निर्धारित समय सीमा भन्दा बढी समय शिक्षणको लागि समेत वातावरण मिलाइ जिल्लाको शैक्षिक विकासमा टेवा पुऱ्याइएको ।

## Societys Contribution For Campus

- क्याम्पस संचालन स्रोत संकलनका लागि क्याम्पस स्थापना समय देखिनै जिल्लाभित्रको जग्गा रजिष्ट्रेसनमा रजिष्ट्रेसन शूल्कको ०.२५ प्रतिशत रकम क्याम्पस संचालन सहयोग प्राप्त हुने गरेको ।
- क्याम्पस विकासका लागि आवस्यक क्याम्पस परिसर लगायत जिल्लाभित्र विभिन्न गाउपालिका तथा जिल्ला बाहिर झापा र सिरहा लगायतका स्थानहरूमा करिव ४२ रोपनी जग्गा दानस्वरूप निशूल्क प्राप्त भएको ।
- क्याम्पस विकासका निमित्तहुने प्रत्येक क्रियाकलापमा समूदायका सबै सरोकारवाला व्यक्ति एवं संघ संस्थाहरूको सक्रिय सहभागिता रहेने गरेको ।
- क्याम्पस परिशर भित्र विभिन्न अभिभावकज्यूहरूबाट आवस्यक संरचना निर्माणका साथै संरचना निर्माणमा आर्थिक सहयोग प्राप्त ।

- क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूकालागि जिल्ला भू संरक्षण कार्यालयबाट नियमितरूपमा जैविक विविधता सम्वन्धि तालिमको व्यवस्था ।
- जिल्लास्थित विभिन्न संघसंस्था ठेकदार संघ, द रेयूकाई नेपाल लगायतबाट भवन संरचना निर्माणमा प्रत्यक्ष सहभागिता ।
- याक्थुरहार निमार्ण सेवाको अगुवाइमा मेचि राजमार्ग देखि क्याम्पस गेट सम्मको करिव ७०० मी. सडक पिच गर्ने कार्य सम्पन्न ।
- विभिन्न अभिभावकज्यूहरू तथा शिक्षाप्रेमी व्यक्तित्वहरूबाट आफन्तहरूको नाममा छात्रवृत्तिकोषको स्थापना ।
- चालु आ.व.को बजेटबाट यस क्याम्पसको भौतिक विकासमा फिदिम नगरपालिका लगायत अन्य गाउपालिकाहरू समेतबाट रकम विनियोजन ।

## Plan for campus contribution to Society

यस सामूदायिक क्याम्पसले समूदायप्रतिको उत्तरदायित्वलाई गंभिरतापूर्वक लिएको छ । यस क्याम्पस मार्फत क्याम्पसमा अध्ययनरत विशेष गरी सुविधाविहिन समूहका छात्रछात्रालाई दिइदै आएको विभिन्न प्रकारका छात्रवृत्तिलाई अझ विस्तार गरी ती समूहका छात्रछात्रहरूको उच्च शिक्षामा पहुँच विस्तारमा योगदान पुऱ्याइने छ । आगामी दिनमा यस क्याम्पसले स्वीकृत तह र विषयको प्रत्यक्ष शिक्षण तथा अनुसन्धानका अतिरिक्त जिल्लाको आर्थिक सामाजिकरूपले पिछडिएका कुनै एक बस्तीलाई शैक्षिक चेतना रूपान्तरणका माध्यमबाट नमूना बस्तीको रूपमा विकास गर्ने । यसकालागि उक्त समूदायको एक विद्यालयमा जनशक्ति सहयोग गर्ने ।

## Plan for Increased Involvement of society in the campus

क्याम्पसका हरेक गतिविधिमा समूदायको प्रत्यक्ष संलग्नता एवं सहयोगले क्याम्पसको समग्र विकासमा सकरात्मक असर पर्ने तथ्यप्रति क्याम्पस सचेत छ । समूदायले क्याम्पस स्थापनाकाल बाटनै यस संस्थाप्रति देखाएको उदार तथा सहयोगी व्यवहारबाट अनुप्राणीत भई क्याम्पस आजको स्थितिमा रहेको वास्तविकता कसैबाट छुपेको छैन । आगामी दिनमा समूदायको अझ बढी सहयोग प्राप्त गर्दै यस संस्थाले पुऱ्याउने शैक्षिक सेवालाई अझ गुणस्तरीय बनाउनु यस क्याम्पसको लक्ष्य हो । यसका निम्ति आगामी दिनमा क्याम्पसप्रति सबै वर्ग तथा समूदायको अपनत्व भावनाको विकास गर्न क्याम्पसका सबै गतिविधि हरूलाई अझ पारदर्शी बनाइ संस्थागत सुशासनको प्रत्याभूति अभिवृद्धि गरिने छ । क्याम्पस सभाको निर्माण गरी क्याम्पस संचालक समिति गठन सभा मार्फत गरिने छ । क्याम्पसका भौतिक संरचना निर्माणमा समूदायिक संस्थाहरू तथा व्यक्तिगत साझेदारीलाई आमन्त्रण गरिने छ । QAA को प्रक्रिया सबै पक्षको सम्लग्नता र सक्रियता सुनिश्चित गरी गुणस्तरीय शिक्षा मार्फत समूदायको शैक्षिक आवस्यकतालाई सम्बोधन गरिने छ ।

## क्याम्पसका सवल पक्षहरू

- न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा
- बलियो सामूदायिक सहयोग
- जिल्लामा पहिलोपटक नयाँ विषयहरू साथै स्नातकोत्तर सम्मको अध्यापन
- दक्ष अनुभवी एवम् प्रतिवद्ध प्राध्यापकबाट प्राध्यापन तथा स्तरीय कक्षा
- संचालक,प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा अभिभावक बीच राम्रो सम्वन्ध
- कम्प्युटर र सूचना प्रविधि ICT मार्फत कक्षा सञ्चालन सुरूवात
- स्वच्छ तथा शान्त मनोरम प्राकृतिक वातावरण
- स्तरीय पुस्तकालयको व्यवस्था
- उपलब्ध विद्यार्थी संख्या अनुकूल पर्याप्त भौतिक सुविधा
- विभिन्न सहक्रियाकलाप र अतिरिक्त क्रियाकलापको व्यवस्था
- आन्तरिक मूल्यांकन र पृष्ठपोषण प्रक्रिया
- विभिन्न प्रकारको तहगत छात्रवृत्तिको व्यवस्था
- विषय छनौटको व्यवस्था
- वार्षिक शैक्षिक भ्रमणको व्यवस्था
- एकै छाना मूनि स्नातक तथा स्नातकोत्तर तहकासाथै एकवर्षे शिक्षाशास्त्री समेत अध्ययनको अवसर

## क्याम्पसका कमजोर पक्षहरू

- विद्यमान पुराना संरचनाका कारण स्तरीय कक्षा कोठाको अभाव ।
- कक्षा छोड्ने दरको बढ्दो प्रवृत्ति
- अनुसन्धानात्मक क्रियाकलापको न्युनता
- सुविधा सम्पन्न प्रशासनिक भवन, वाचनालय, सभाहल, तथा प्राध्यापक आवास र यूरिनरीको अभाव ।
- जिल्ला भित्रै सामुदायिक क्याम्पसको बढ्दो स्वीकृती तथा स्थापनाको कारण विद्यार्थी भर्नामा कमी ।
- शुल्क वाहेकका आम्दानीका अन्य दीगो स्रोत व्यवस्थापन हुन नसक्नु ।
- समयानुकूल प्राविधिक तथा सूचना प्रविधि सम्वन्धि  विषय सञ्चालन गर्न नसक्नु ।

## Shortterm & long term Issues And Challenges

**क) आर्थिक क्षेत्रमा रहेका चुनौतीहरू :-**

१) विद्‌यार्थी भर्नामा देखिएको घट्‌दो प्रबृति ।

२) विद्यार्थी शुल्क न्यून रहेको यथार्थ हुदाँहुदै पनि सरोकारवालावाट शुल्क बृद्धि गर्ने पक्षमा हुन सक्ने तत्परताको अभाव ।

३) स्थानीय निकायवाट नियमित अनुदानको नितिगत व्यवस्थाको अभाव ।

४) योग्यता प्राप्त दक्ष शिक्षक प्राप्तिको लागि योग्यता अनुसारको तलब सुबिधा उपलब्ध गराउनु पर्ने र शिक्षकलाइ पलायन हुन नदिन बिशेष कोषको ब्यबस्था गरिनु पर्ने ।

५) प्राध्यापक तथा कर्मचारीहरूलाई स्थायी,वढुवा र कल्याणकारी कोष श्रृजना गर्दा बढ्‌न जाने आर्थिक ब्ययभार ।

६) भौतिक पूर्वाधारहरूको मर्मत संभार तथा निर्माणमा हुनजाने थप लगानी ।

७) समयसापेक्ष शैक्षिक गुणस्तर कायम गर्दा हुनजाने थप खर्च ।

८) भविश्यमा जिल्ला भित्र सञ्चालन हुनसक्ने संभावित थप सामूदायिक तथा नीजि क्याम्पसहरू वाट विद्यार्थी भर्नामा पर्नजाने असर ।

**ख) शैक्षिक क्षेत्रमा रहेका चुनौतीहरू :-**

१) वर्तमानमा राखिएका बिषयहरूको साथै समय सापेक्ष नयाँ विषयहरू थप्नु पर्ने । यसका लागी सरोकारवालाहरूको बृहत अन्तरकिया कार्यक्रम राखेर बिषय छनोट गनुपर्ने ।

२) प्राध्यापकलाई आबश्यक परेको सन्र्दभपुस्तक स्रोत सामग्री र अन्य शैक्षिणिक बिषयहरू एबम आधुनिक प्रबिधि सगँ सम्बन्धित सामाग्रीहरू थप उपलब्ध गराउनु पर्ने ।

३) क्याम्पसले निर्धारण गरेको वर्तमान तलवमानको आधारमा योग्य र दक्ष जनशक्ति काम गर्न तयार नहुनु ।

४) प्रशासनिक कुराले मात्र शैक्षणिक पाटोमा दृष्टि नपुग्ने हुदाँ संकायगत बिभागिय प्रमुखको ब्यबस्थालाई अझबढी सुदृढ गरिनुपर्ने ।

५) उच्च तहमा ४ पिरियड पढाउनु पर्ने वाध्यता निश्चय पनि अस्वभाबिक हुन्छ यसलाइ पुनराबलोकन को सवाल ।

**ग) व्यबस्थापकिय चुनौतीहरू :-**

१) विद्युत सेवा अनियमितताका कारण सायंकालिन कक्षाकोठामा उज्यालोको दिगो ब्यबस्था हुनुपर्ने ।

२) क्याम्पस परिसर तथा सबै शिक्षण प्रयोजनका तथा अन्य सबै कोठाहरूको नियमित सर सफाइ ।

३) क्याम्पस घेराबार पर्याप्त नभएकोले अनाधिकृत ब्यक्तिहरूको पँहुचलाई नियन्त्रण गर्न घेराबार पूर्ण एव राम्रो हुनुपर्ने ।

४) पोशाक र परिचय पत्रलाइ ब्यबस्थित गरि अनिबार्य गर्नुपर्ने ।

५) अनाबश्यक राजनैतिक प्रभावले क्याम्पसको शैक्षिक कार्यपात्रो अस्तब्यस्त भएको हुदाँ बिशुद्ध शैक्षणिक उन्नयनमा गरिने राजनैतिक अन्तरक्रिया बाहेक राजनैतिक उद्देस्यका लागि गरिने सम्पूर्ण कार्यक्रमको अन्त्य ।

यस क्याम्पसको समग्र पक्षलाई मध्यनजर गर्दा वार्षिक विद्यार्थीहरूको घट्दो चापका कारण क्याम्पसको दिगो एंवम स्थायी ब्यवस्थापन तथा सञ्चालनको लागी क्याम्पसलाई सवै क्षेत्रवाट सहयोग प्रदान गर्न वान्छनिय देखिन्छ ।

## Plan for addressing issues & challenge

- यस सामूदायिक क्याम्पसलाई यस क्षेत्रकै नेतृत्वदायी शैक्षिक केन्द्रको रूपमा विकास गर्दै जाने ।
- क्याम्पसको दीर्घकालिन रणनैतिक योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- प्रभावकारी शिक्षण सिकाइका लागि आवस्यक भवन तथा अन्य आवस्यक पूर्वाधारहरूको निर्माण कार्यलाई निरन्तर अगाडि बढाउने ।
- यस क्याम्पसका विभिन्न तह र संकायमा बिद्यार्थीको भर्नादर क्रमश बढाउदै लैजाने ।
- शैक्षिक तथा भौतिक ब्यबस्थापनमा क्रमश सुधार गर्दै जाने ।
- शैक्षिक स्तर अभिबृद्धिमा समुदाय तथा स्थानिय निकायको सहयोग, समन्वय, सम्बन्ध र चासोलाई बढाउदै जाने ।
- अध्यापनको लागि दक्ष एबंम बिषयगत शिक्षकको ब्यबस्था गर्दै जाने ।
- वाचनालय सहितको छुट्टै पुस्तकालय भवन समेतको ब्यबस्थालाई प्रभावकारी वनाउने ।
- छिमेकी इलाम, ताप्लेजुङ्ग र तेह्रथुम जिल्ला समेतवाट आउने विद्यार्थीहरूको लागि पुरूष छात्रावासको समेत व्यवस्था गर्ने ।
- माथिका सबै पुर्बाधारहरूको आधारमा सञ्चालित त्रि वि वि बाट संबन्धन प्राप्त पब्लिक क्याम्पस भएकोले यसलाई ,समयसापेक्ष विधुतिय माध्यमवाट शिक्षण पद्धति अवलम्बन गर्न ,अन्य ठाउको शिक्षण पद्धतिको जानकारी लिन अडियो भिजुयल सामग्री प्रयोगलाई प्राथमिकता दिदै जाने ।
- कार्यरत कर्मचारी तथा प्राध्यापकहरूको क्षमताको क्याम्पसको समग्र विकासकालागि प्रभावकारी ढंगले उपयोग गर्न कर्मचारी तथा प्राध्यापकहरूको कार्य दक्षताको उचित मूल्यांकन गरी पदोन्नती तथा Performance मा आधारित Incentive व्यवस्था कार्यान्वयन गर्ने ।
- उल्लेखित सबै कार्यकालागि आर्थिक व्यवस्थापन हुन जरूरी भएकोले संस्थालाई आर्थिक रूपले आत्मनिर्भरत बनाउन अक्षय कोषको स्थापना ।

जिल्लामा रहेका निम्नवर्गका जनताहरूका छोराछोरीहरूको उच्च शिक्षामा पहुच वृद्धि गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय आवस्यकतानुरुप दक्ष जनशक्ति निर्माण गर्न र राष्ट्रहित तथा विकास निर्माणमा प्रयोग गर्न यस क्याम्पसले विगत देखिनै महत्वपुर्ण भूमिका निर्वाह गर्दै आईरहेको छ । समय सापेक्ष परिवर्तन हुने शैक्षिक गतिविधिहरू, प्रविधिहरूको प्रयोग, भौतिक सम्पतिको संरक्षण र थप वृद्धि तथा शैक्षिक गुणस्तरमा आवश्यक सुधार गर्दै सम्भावित सबैखाले चुनौतीहरूको सामना गर्न स्थानीयस्तर

तथा विद्यार्थीहरूको शुल्कबाट मात्र सम्भव नरहने देखिन्छ । क्याम्पसको समग्र विकासका माध्यमबाट यस क्षेत्रको शैक्षिक उन्नयन तथा सरोकारबाला सबै अभिभावक र विद्यार्थी वर्गको प्रत्यक्ष लाभको संरक्षण र त्यसका माध्यमबाट समूदायको सम्मृद्धि लागि  यस संस्थासंग सरोकार राख्ने सवैव्यक्ति तथा संस्थाको सकरात्मक भूमिकाको  अपेक्षा गरिएको छ ।

# <u>आ.व.२०७५/०७६</u> को अनुमानित
# आय व्यय (प्रस्तावित)

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | ०७४।०७५को वास्तविक | ०७५।०७६को अनुमानित | विवरण | ०७४।०७५को वास्तविक | ०७५।०७६को अनुमानित |
| अ.ल्या. | ८९,७६१/१४ | ६,४६,०००/- | तलव | (१६,३०,८४६) ७१,०३,५८८/- | ७३,७०,०००/- |
| शुल्क | ९१,२१,४५२/- | ८६,००,०००/- | अ.पा. | ६,९४,०००/- | ८,००,०००/- |
| मालपोत | १६,६०,४१५/- | १७,००,०००/- | संचयकोष | ३,१३,०४४/- | ३,२०,०००/- |
| वि.वि.अ. (नियमित) | १०,५४,२२५/- | ११,००,०००/- | दै.भ्र.भत्ता | २,५३,१३२/- | ३,००,०००/- |
| वि.वि.अ.(विषेश) | १४,८३,०६६/- | ७३,६६,०००/- | मसलन्द | २,९९,९३५/- | ५,००,०००/- |
| नगरपालिका | १४,३२,५००/- | १०,००,०००/- | भैपरी | १,५४,८१३/- | १६०,०००/- |
| सापटी | ३३,५०,०००/- | ००/- | छपाई | १,५२,३४२/- | २,००,०००/- |
| गाउपालिका | | १२,५०,०००/- | महशुल | १,८०,७६१/८८ | २,२५,०००/- |
| प्रदेश सरकार | | १५,००,०००/- | परीक्षा | २०,३४,२५५/- | २०,००,०००/- |
| विविध | ९,०००/- | ५०,०००/- | फर्निचर | ३८,९००/- | ५,००,०००/- |
| | | | पुस्तक | २,५१,४०१/५० | ४,००,०००/- |
| | | | मर्मत संभार | ९९,५०५/- | १०,००,०००/- |
| | | | खप्ने सामान | ७०,०५८/५५ | १,००,०००/- |
| | | | I.T. | ८४,८५०/- | १३,००,०००/- |
| | | | खेलकुद | ७३,३५०/- | १,५०,०००/- |
| | | | छात्रवृत्ति | २,३२,०००/- | २,२७,०००/- |
| | | | शैक्षिक भ्रमण | ७०,५००/- | ७०,०००/- |
| | | | सरस्वती पूजा | १४,७४५/- | २०,०००/- |
| | | | ले.प.पारिश्रमिक | ३५,०००/- | ४०,०००/- |
| | | | सम्बन्धन शुल्क | ७०,०००/- | ००/- |
| | | | धरौटी फिर्ता | ५,०००/- | ००/- |
| | | | मालपोत हिस्सा | ८,७६,०७९/- | ८,५०,०००/- |
| | | | स्व.वि.यू. | २१,०००/- | ००/- |
| | | | EMIS | १,५५,४३०/- | ३,००,०००/- |
| | | | HERP | ९६,५१२/- | २,५०,०००/- |
| | | | वृक्षारोपन | ३८,०००/- | १५,०००/- |
| | | | अक्षयकोष | ६,५०,०००/- | ००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निर्माण | (४,८२,९९१) ६१,५५,९२४/१९ | ५,००,०००/- |
| | | | अ.ल्या.भु. | ११५/- | ५४,८०,०००/- |
| | | | प्राध्यापक संघ | ३०,०००/- | ३५,०००/- |
| | | | विविध | ६०,०१५/- | १,००,०००/- |
| **जम्मा** | **1,82,00,419/14** | **2,32,12,000/-** | **जम्मा** | १,८२,००,४१९/१४ | २,३२,१२,०००/- |

# पाँचथर बहुमुखी क्याम्पस,पाँचथर

## कार्यक्रमको तर्कवद्ध ढाँचाको तालिका

| सि.नं | क्रियाकलापहरु | सूचक | आधारवर्ष | लक्षित आँकडा (लाखमा) | | | | | | वजेट (लाखमा) | | | साझेदार | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | कूल | कूल | आन्तरिक | वाह्य | | |
| १. | प्रवेश द्वार(बाटो सहित) | १ वटा | | | ८ | | | | ८ | ८ | | ८ | UGC | क्याम्पस |
| २. | भवन मरमत | ८ कोठा | २०१६ | ७ | | | ७ | | १४ | १४ | | १४ | UGC | क्याम्पस |
| ३. | भवन रंग रोगन | सबै | २०१६ | ५ | | ३ | | ३ | ११ | ११ | | ११ | UGC | क्याम्पस |
| ४. | युरिनल निर्माण | २०० छात्रकालागि | २०१७ | | २० | | | | २० | २० | | २० | UGC | क्याम्पस |
| ५. | छात्रामैत्री शौचालय | | २०१७ | | १० | | | | १० | १० | | १० | UGC | क्याम्पस |
| ६. | कम्पाउण्ड वाल बाँकी | ४००मी | २०१७ | | १५ | १५ | १५ | १५ | ६० | ६० | | ६० | UGC | क्याम्पस |
| ७. | पुस्तक खरिद | | २०१६ | ४ | ४ | २ | २ | २ | १४ | १४ | | १४ | UGC | क्याम्पस |
| ८. | क्यान्टिन भवन | १ वटा | २०१८ | | | ३५ | | | ३५ | ३५ | | ३५ | UGC | क्याम्पस |
| ९. | पुरुष छात्रवास | ६० छात्र | २०१९ | | | | १८० | | १८० | १८० | | १८० | UGC | क्याम्पस |
| १०. | सभाहल | २००क्षमता | २०२० | | | | | ६० | ६० | ६० | | ६० | UGC | क्याम्पस |
| ११. | पुस्तकालय भवन विस्तार | २ कोठे | २०२० | | | | | ४० | ४० | ४० | | ४० | UGC | क्याम्पस |
| १२. | जेनेरेटर खरिद र स्थापना | १ वटा | २०१८ | | | १० | | | १० | १० | | १० | UGC | क्याम्पस |
| १३. | मोटर साइकल खरिद | १ थान | २०१७ | | २.५ | | | | २.५ | २.५ | | २.५ | UGC | क्याम्पस |
| १४. | कम्प्यूटर ल्याव | | २०१८ | | | २५ | | | २५ | २५ | | २५ | UGC | क्याम्पस |
| १५. | मञ्च निर्माण | | २०१७ | | १० | | | | १० | १० | | १० | UGC | क्याम्पस |
| १६. | सेक्युरीटी घर निर्माण | | २०१७ | | ३.५ | | | | ३.५ | ३.५ | | ३.५ | UGC | क्याम्पस |
| १७. | प्रशासनिक भवन | १ वटा | २०१८ | | | १५० | | | १५० | १५० | | १५० | UGC | क्याम्पस |
| १८. | फर्निचर खरिद | | २०१६ | २ | | २ | | २ | ६ | ६ | | ६ | UGC | क्याम्पस |
| १९. | प्राध्यापक कर्मचारी आवास | १ वटा | २०१९ | | | | १५० | | १५० | १५० | | १५० | UGC | क्याम्पस |
| | जम्मा | | | १८ | ८३ | २३२ | ३५४ | १२२ | ८०९ | ८०९ | | ८०९ | UGC | क्याम्पस |
| | | | | | | | | | | | | | | |